# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, पुस १ गते २०३१ साल [ संख्या ३५

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) आदेश, २०३१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठित घरेलु तथा ग्रामीण उद्योग विकास समिति सम्झनु पर्छ ।

(ख) "उद्योग" भन्नाले घरेलु तथा ग्रामीण उद्योग र हस्तकला उद्योग-लाई सम्झनु पर्छ ।

673

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः– (१) घरेलु तथा ग्रामीण उद्योग विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिमको समितिमा वेहायका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) उद्योग तथा वाणिज्य मन्त्रालयको सचिव– अध्यक्ष

(ख) अर्थ मन्त्रालयको प्रतिनिधि– सदस्य

(ग) पर्यटन विभागको प्रतिनिधि– सदस्य

(घ) नेपाल औद्योगिक विकास कर्पोरेशनको प्रतिनिधि– सदस्य

(ङ) औद्योगिक सेवा केन्द्रको प्रतिनिधि– सदस्य

(च) व्यापार प्रवर्द्धन केन्द्रको प्रतिनिधि– सदस्य

(छ) नेशनल ट्रेडिङ्ग लिमिटेडको प्रतिनिधि– सदस्य

(ज) गैर सरकारी क्षेत्रबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना व्यक्ति– सदस्य

(झ) घरेलु तथा ग्रामीण उद्योग विभागको महानिर्देशक–सदस्य–सचिव ।

(३) समितिको आमन्त्रणमा कुनै विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा उपस्थित भई छलफलमा भाग लिन सक्नेछ ।

तर त्यसरी आमन्त्रित विशेषज्ञ वा सल्लाहकारलाई मत दिने अधिकार हुने छैन ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको अध्यक्षले तोकेको स्थान समयमा समितिको बैठक बस्नेछ र त्यस्तो बैठकमा समितिव्दारा निर्धारित कार्यविधि अपनाइनेछ ।

(२) अध्यक्षको अनुमति लिई समितिमा पेश गर्नु पर्ने कार्यसूचीको व्यवस्था सदस्य–सचिवले गर्नेछ ।

(३) समितिमा तत्काल कायम रहेको सदस्यहरूको सम्पूर्ण संख्याको आधि-भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्ष-ले निर्णयात्मक मत दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको प्रत्येक बैठकमा छलफल र निर्णय भएको काम कारवाईको बिवरण समितिको बिवरण–पुस्तिकामा लेखी अध्यक्ष र सदस्यहरूको सही गराई राख्ने जिम्मेवारी सदस्य–सचिवको हुनेछ ।

(६) समितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

तर समितिको कम्तीमा तीनजना सदस्यहरूले लिखित अनुरोध गरेमा जुनसुकै बखत पनि समितिको बैठक बस्न सक्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः– नेपाल अधिराज्यभर उद्योगको बिकास तथा विस्तार गर्नको लागि श्री ५ को सरकारद्वारा स्वीकृत योजनाबमोजिम समितिले देहायका कार्यहरू गर्नेछः–

(क) विभिन्न किसिमको औद्योगिक तालीम र अवश्यकता अनुसार विशेष तालीम समेत दिने, दिलाउने र त्यसको लागि स्वीकृत वजेटबाट प्रशिक्षार्थीहरूलाई तालीम भत्ता निर्धारित गर्ने,

(ख) उद्योगहरूलाई ऋण वितरण तथा लगानी गर्ने र सो प्रयोजनको लागि उद्योगहरूको किसिम तथा प्राथमिकता तोकिदिने,

(ग) उद्योगहरूको स्थापना गर्ने र उत्पादित मालसामानहरू बिक्री–वितरण गर्ने व्यवस्था गर्ने,

(घ) किस्तावन्दी (हायर पर्चेज) मा उद्योगीहरूलाई आवश्यक कोरा माल, मेशीन, ज्यावल तथा औजार आदि वितरण गर्ने,

(ङ) उद्योगबाट उत्पादित मालसामानहरूको बिक्री–वितरण बढाउन नेपाल अधिराज्यभित्र बिक्री भण्डार वा त्यसको शाखा खोल्ने र अन्तर्राष्ट्रिय बजारमा चाहीं विस्तृत विज्ञापन गर्ने, शोकेश र कमिशन एजेण्टको व्यवस्था गर्ने,

(च) स्वदेशी वस्तुको निकासी वृद्धिको लागि सहायक हुने अन्तर्राष्ट्रिय प्रदर्शनीमा भाग लिने र सो सम्बन्धमा व्यवस्था गर्ने,

(छ) उद्योगको प्रवर्धनमा सहायक हुने किसिमका योजना वा पुस्तकहरूको प्रकाशन गर्ने वा गोष्ठी, प्रदर्शनी, सम्मेलन तथा अध्ययन–भ्रमणको आयोजना गर्ने,

(ज) उद्योगको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने उद्योगी वा शिल्पकारलाई प्रोत्साहित पुरस्कार दिने व्यवस्था मिलाउने,

६५७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) उद्योगको संचालनको निमित्त आवश्यक पर्ने कच्चा पदार्थको बिक्री-वितरणको व्यवस्था गर्ने,

(ञ) माथि उल्लिखित कुराहरूको अलावा उद्योगको विकास तथा विस्तार गर्नको लागि आवश्यक पर्ने अन्य काम–कारवाई गर्ने ।

६. समितिको कोषः– (१) समितिको एउटा कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) मित्रराष्ट्रहरूबाट सहायता स्वरूप प्राप्त रकम,

(ग) समितिलेचन्दा वा दानको रूपमा प्राप्तगरेको चल वा अचल सम्पत्ति र

(घ) समितिले आफ्नो व्यवसायबाट आर्जन गरेको रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. समितिको लेखा र लेखापरीक्षणः– (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण समितिद्वारा मनोनीत लेखापरीक्षकबाट हुनेछ र अन्तिम लेखापरीक्षण चाहीं प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

८. समितिको आदेश प्रमाणित गर्ने र निर्णय कार्यान्वियन गर्नेः– (१) समितिको सदस्य-सचिवले समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ ।

(२) समितिको निर्णय वा आदेशको कार्यान्वियन समितिको सदस्य–सचिव वा सो समितिबाट अधिकार प्राप्त व्यक्तिबाट हुनेछ ।

९. नियमहरू बनाउन सक्नेः– समितिले आफ्नो कार्य संचालनको लागि नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

१०. अधिकार प्रत्यायोजन गर्न सक्नेः– (१) समितिले आफ्नो केही वा सम्पूर्ण अधिकार समितिको सदस्य–सचिवलाई सुम्पन सक्नेछ र निजले पनि आफूलाई प्राप्त अधिकार आफू मुनिका अन्य कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले उद्योगसम्बन्धी कुनै काम फछर्यौट गर्नको लागि समितिका सदस्य-हरू वा समिति मातहतका पदाधिकारीहरू वा गैर सरकारी व्यक्तिहरूको उप–समिति गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

११. समितिको कार्यालयः– समितिको कार्यालय घरेलु तथा ग्रामीण उद्योग विभाग नै हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. खारेजी र त्यसको परिणामः– (१) "घरेलु तथा साना उद्योग बिकास समिति (गठन) आदेश, २०२१" खारेज गरिएको छ ।

(२) घरेलु तथा साना उद्योग विकास समितिको सबै चल–अचल सम्पत्ति यसै समितिलाई हस्तान्तरण गरिएको छ ।

(३) घरेलु तथा साना उद्योग विकास समिति (गठन) आदेश, २०२१ अन्तरगत भए गरेका सबै काम–कारवाई र ठेक्कापट्टा वा करारहरू यसै समितिले गरेको मानिनेछ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा १ (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सो ऐनको दफा ३ (१) को खण्ड (क),(ख) र (ग) देहायका इलाकाहरूमा आजैका मितिदेखि लागू हुने गरी तोकेको छ ।

१. मेची अञ्चल
२. कोशी अञ्चलको मोरंग, विराटनगर र सुनसरी
३. नारायणी अञ्चलको बारा, पर्सा, रौतहट र मकवानपुर
४. सगरमाथा अञ्चलको सप्तरी
५. जनकपुर अञ्चलको धनुषा
६. वाग्मती अञ्चल
७. लुम्बिनी अञ्चल
८. भेरी अञ्चल ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(७) ६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।